आ.व. २०७५/०७६ को पाँचौं बैठक

आज मिति **२०७५ साल असोज ०८ गते सोमबार** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**का अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुवहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्ती गाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१.श्री खिमलाल वर्ली, लेखा अधिकृत

२.श्री रेशम राज अधिकारी, स.ले.पा

## बैठकका प्रस्तावहरु

प्रस्ताव नं १ कार्यक्रम संसोधन सम्वन्धमा ।

प्रस्ताव नं २. शौचालय निर्माण सम्बन्धमा ।

प्रस्ताव नं ३. व्यवसाय दर्ता सम्वन्धमा ।

प्रस्ताव नं ४. सडकको DPR सम्बन्धमा ।

**निर्णय नं १ कार्यक्रम संसोधन सम्वन्धमा ।**

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँपालिकाको बजेट उपशिर्षक नं. १०१० कृषि तर्फको क्र.स. २३ को माटो परिक्षण शिविरको बजेट किसानहरुको मागको आधारमा सोही शिर्षकको तोरी विउ ५०% अनुदानमा खर्च गर्ने गरी कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।साथै वडा नं.३ र ४ का देहाय बमोजिमका योजना /कार्यक्रमलाई संसोधन गर्ने निर्णय गरियो:

वडा नं.३का योजना कार्यक्रम:

क)मसुरीया क्लिनिक भवन निर्माण लाई संसोधन गरी वडका गल्ली अधुरो नाली निर्माण गर्ने

ख) वागढङ्गी टोलको सिंचाई लाई संसोधन गरी पम्पसेट खरिद गर्ने

वडा नं.४ का योजना कार्यक्रम:

क)नरेन्द्र स्मृति प्रतिक्षालय उत्तरको वाटो र खिनैटा पुर्व पश्चिम हाईवे देखि मझनीगढ जाने वाटो स्तर उन्नतीलाई एउटै योजना नरेन्द्र स्मृति प्रतिक्षालय उत्तरको वाटो कायम वजेट रु ६,५०,००० गर्ने ।

ख) मरुवाथान बहुद्देश्यीय भवन तथा भवन अगाडीका नाला निर्माणलाई मरुवाथान बहुद्देश्यीय भवन अगाडीका नाला निर्माण कायम गर्ने ।

**निर्णय नं २. शैचालय निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं २ माथी छलफल गर्दा यस गाउँपालिकाको हाता भित्र रहेको क्यान्टिन नजिक शैचालय अभाव देखिएकोले आयोजना व्यवस्थापन खर्च बाट वेहोर्ने गरी रु. ५,००,०००।- (पाँच लाख ) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३. व्यवसाय दर्ता सम्वन्धमा ।**

प्रस्ताव नं ३ माथी छलफल गर्दा व्यवसाय मा प्रयोजनका लागी यस गाउँपालिकको अधिकाशं स्थानमा ऐलानी जग्गामा विगत देखी वसोवास गरी व्यवसाय संचालन गरी आएकोमा यस्ता स्थानमा वसोवास गरेका र व्यवसाय संचालन गरेकाहरुलाई वडा कार्यालयको सिफारिसका आधारमा जग्गाधनी प्रमाण पूर्जा पेश गर्न नसकेतापनि व्यवसायका प्रयोजनका लागि व्यवसाय दर्तागरी करको दायरामा ल्याउने निर्णय गरियो ।

**निर्णय नं ४. सडकको DPR सम्बन्धमा**

प्रस्ताव नं ३ माथी छलफल गर्दा यस गाउँपालिकाको बहु बर्षीय कार्यक्रम अन्तर्गत देहाय अनुसारका सडकहरुको DPR तयार भईसकेकाले उक्त योजनाको भुक्तानी दिने निर्णय गरियो ।

देविकोट - थकरी कोट सडक

भालुवाङ - वगासोती हुदै स्थानिघोष सडक

स्थानीघोष - देविकोट सडक

सिसहनिया — करङगे सडक